**आकाशवाणी समाचार- नेपाली**

मितिः ०७ जनवरी २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

**१.** राष्ट्रपति द्रौपदी मुर्मूले महिला सशक्तीकरण देशमा लोकतन्त्रको आधार स्तम्भ भएको बताउनु भयो।

**२.** प्रधानमन्त्री नरेन्द्र मोदीले 'मेड इन इन्डिया'को प्रबद्र्धनसँगै रेलवेमा व्यापक बदलाव भइरहेको बताउनु भएको छ।

**३.** केन्द्रीय गृह मन्त्री अमित शाहले सीबीआईद्वारा विकसित 'भारतपोल' पोर्टलको आज नयाँ दिल्लीमा उद्घाटन गर्नुहुनेछ।

**४.** भारतले पाकिस्तानले अफगानी नागरिकमाथि गरेको हवाई आक्रमणको निन्दा गरेको छ।

**५.** महिला क्रिकेटमा आयरल्यान्डविरुद्धको तीन एकदिवसीय क्रिकेट शृंखलाका लागी टिमको घोषणा

**राष्ट्रपति - सम्मेलन**

राष्ट्रपति द्रौपदी मुर्मूले सरकार अनुसूचित जनजाति सहित समाजको सबै वर्गको उत्थानका लागि काम गरिरहेको बताउनु भयो । नयाँ दिल्लीस्थित राष्ट्रपति भवनमा आयोजित विभिन्न राज्यहरुका पंचायती राज संस्थाका अनुसूचित जनजाति महिला प्रतिनिधिहरूको सम्मेलनलाई सम्बोधन गर्दै राष्ट्रपति मुर्मूले उक्त कुरा बताउनु भएको हो भने महिला सशक्तीकरण देशमा लोकतन्त्रको आधार स्तम्भ भएको बताउनु भयो । यसका साथै संविधानले महिलालाई समानताको अधिकार दिएको समेत उहाँले उल्लेख गर्नुभयो ।राष्ट्रपतिले महिला सशक्तीकरणमा यी संस्थाहरुले महत्वपूर्ण भूमिका खेलेको बताउदै देशभरका पंचायती राज संस्था र ग्रामीण स्थानीय निकायमा लगभग १४ लाख महिला निर्वाचित सदस्यका रूपमा कार्यरत रहेको, जुन कुल निर्वाचित प्रतिनिधिको ४६ प्रतिशत रहेको उल्लेख गर्नुभयो। यसका साथै यस साझेदारीलाई अझ मजबुत बनाउन अधिकांश राज्यहरूले आरक्षणको सीमा बढाएर ५० प्रतिशत पुर्याएको राष्ट्रपतिले बताउनु भयो।

****** ० ******

**प्रधानमंत्री - रेल परियोजना**

प्रधानमन्त्री नरेन्द्र मोदीले 'मेड इन इन्डिया'को प्रबद्र्धनसँगै रेलवेमा व्यापक बदलाव भइरहेको बताउनु भएको छ। यसको साथै मेट्रो र रेलवेका लागि आधुनिक डिब्बाको विकास भइरहेको उहाले बताउनु भयो।

बाइट

यसैबीच श्री मोदीले हिजो भिडियो कन्फरेन्समार्फत विभिन्न रेल परियोजनाहरूको उद्घाटन र शिलान्यास गर्नुभयो। यी परियोजनाहरू अन्तर्गत यस क्षेत्रमा कनेक्टिभिटी बढाउनको लागि, एक नयाँ जम्मू रेलवे डीविजनको उद्धाटन सगै पूर्वी तट रेलवेको रायगडा रेलवे डिभिजनल भवनको शिलान्यास गर्नुभयो भने तेलंगानामा चार्लापल्ली न्यू टर्मिनल स्टेशनको उद्घाटन गर्नुभयो।

****** ० ******

**प्रधानमंत्री- सत्या नडेला**

माइक्रोसफ्टका प्रमुख कार्यकारी अधिकारी सत्या नडेलाले प्रधानमन्त्री नरेन्द्र मोदीसँग भेटवार्ता गर्नुभयो । एक सोशल मीडिया पोस्टमा श्री मोदीले माइक्रोसफ्टको महत्वाकांक्षी विस्तार र लगानी योजनाप्रति खुशी व्यक्त गर्नु भएको छ भने भेट प्रविधि, नवप्रवर्तन र आर्टिफिसियल इन्टेलिजेन्सका विविध पक्षबारे छलफल भएको बताउनु भयो।

****** ० ******

**प्रधानमंत्री - अमरीका सलाहकार**

अमेरिकी राष्ट्रिय सुरक्षा सल्लाहकार जेक सुलिभानले प्रधानमन्त्री नरेन्द्र मोदीसँग हिजो नई दिल्लीमा भेटवार्ता गर्नुभयो । श्री मोदी ने एक सोशल मीडिया पोस्ट मार्फत भेटवार्ता 'दुई देशबीचको व्यापक विश्वव्यापी रणनीतिक साझेदारीले प्रविधि, रक्षा,

अन्तरिक्ष, बायोटेक्नोलोजी र आर्टिफिसियल इन्टेलिजेन्सजस्ता क्षेत्रमा नयाँ उचाई छोएको बताउदै जनताको हित र विश्वको कल्याणका लागि दुई लोकतन्त्रबीचको सम्बन्धमा यो गतिलाई अगाडि बढाउन आफू इच्छुक रहेको बताउनुभयो।

****** ० ******

**गृहमंत्री-भारतपोल**

केन्द्रीय गृह मन्त्री अमित शाहले केन्द्रीय अनुसन्धान ब्यूरो (सीबीआई) द्वारा विकसित 'भारतपोल' पोर्टलको आज नयाँ दिल्लीमा उद्घाटन गर्नुहुनेछ। भारतपोल पोर्टलले इन्टरपोलमार्फत अन्तर्राष्ट्रिय सहायताका लागि सबै अनुरोधहरूको प्रक्रियालाई व्यवस्थित गर्नेछ, जसमा इन्टरपोलको रातो रङको नोटिस र अन्य रंगीन नोटिसहरू जारी गर्नु समावेश छ। एक सोशल मीडिया पोस्टमा गृहमन्त्रीले आजको दिन एक ऐतिहासिक दिन हुने बताउदै सीबीआईले विकास गरेको भारतपोल पोर्टल सुरू गरिने उल्लेख गर्नुभयो। यसका साथै यसले भारतीय अनुसन्धान एजेन्सीहरूलाई उनीहरूको विश्वव्यापी पहुँच विस्तार गरेर नयाँ उचाई प्रदान गर्ने, जसले मोदी सरकारको सुरक्षित र सुरक्षित भारत निर्माण गर्ने भिजनलाई पूरा गर्ने गृहमन्त्री शाहले बताउनुभयो। यसैगरी गृह मन्त्रालयले जारी गरेको विज्ञप्तिमा, 'प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा केन्द्र सरकारले देशको कानून प्रवर्तन एजेन्सीहरूलाई बलियो बनाउन धेरै महत्त्वपूर्ण पहलहरू गरेको तथा भारतपोल पोर्टलले भारतीय कानून प्रवर्तन एजेन्सीहरूलाई वास्तविक समयको आधारमा जानकारी साझेदारी गर्न सक्षम बनाउने उल्लेख गर्दै यसले अन्तर्राष्ट्रिय पुलिस सहयोगको द्रुत पहुँचलाई सक्षम पार्नेछ बताइएको छ।

****** ० ******

**बजट पूर्व परामर्श**

वित्तमन्त्री निर्मला सीतारमणको अध्यक्षतामा आगामी केंद्रीय बजट २०२५–२६ को लागि बजट पूर्व परामर्श बैठक हिजो नया दिलीमा सम्पन्न भएको छ। ६ डिसेम्बरमा सुरु भएको परामर्श एक महिनासम्म चलेको थियो। व्यक्तिगत परामर्शका क्रममा नौ वटा सरोकारवाला समूहका एक सयभन्दा अधिक आमन्त्रित सदस्यको सहभागिता रहेको थियो। यसमा किसान संघ र कृषि अर्थशास्त्रीहरू, ट्रेड युनियनहरू, शिक्षा र स्वास्थ्य क्षेत्रहरू, सूक्ष्म, साना र मझौला उद्यमहरू (एमएसएमई), व्यापार र सेवाहरू, उद्योग, वित्तीय क्षेत्र र पूँजी बजारका प्रतिनिधिहरूको प्रतिनिधिमण्डल समावेश थियो।यसैबीच वित्त मंत्रीले सहभागीहरुलाई सुझाव आदानप्रदान गरेकोमा धन्यवाद दिनुभएको छ भने केन्द्रीय बजेट तयार गर्दा विशेषज्ञ र प्रतिनिधिहरूको सुझावलाई ध्यानमा राखिने आश्वासन दिनुभयो। यसका साथै १० जनवरीदेखि, नागरिकहरूले MyGov प्लेटफर्ममा केन्द्रीय बजेटका लागि आफ्ना सुझाव र विचारहरू साझा गर्न सक्दछन्। 'जनभागीदारी'को भावनाअनुसार बजेट निर्माण प्रक्रियालाई थप समावेशी बनाउने उद्देश्यले सञ्चालित यस वार्षिक पहलमा सक्रिय सहभागिता जनाउन उनीहरूलाई प्रोत्साहित गरिएको छ।

****** ० ******

**राष्ट्रीय बाल विज्ञान कांग्रेस**

मध्य प्रदेशको भोपालमा ३१ औं राष्ट्रिय बाल विज्ञान सम्मेलन हिजो सम्पन्न भएको छ। 'स्वास्थ्य और कल्याण के लिए पारिस्थितिकी तंत्र की समझ' भन्ने मूल नाराका साथ आयोजित चार दिने कार्यक्रममा हजारौं विद्यार्थीले विज्ञान र नवप्रवर्तनमा केन्द्रित रहेर आफ्नो प्रतिभा प्रदर्शन गर्ने अवसर पाएका थिए।

****** ० ******

**तमिलनाडु-एचएमपीवी मामले**

तमिलनाडुमा ह्युमन मेटान्यूमो भाइरसका दुई मामला फेला परेको छ। जसमा एक मामला चेन्नई अनि अर्को एक सालेमको रहेको छ। यसैबीच राज्य सरकारले यो नयाँ भाइरस नभएको बताउदै यसको पहिचान २००१ मा नै भएको बताएको छ भने यो संक्रमण स्वयं ठीक हुने भएकोले कसैलाई चिन्ता नगर्न भनेको छ। संक्रमित भेटिएका दुई जनाको अवस्था स्थिर रहेको र उनीहरुलाई निगरानीमा राखिएको छ। यसैबीच केन्द्रीय स्वास्थ्य मन्त्रालयले, 'श्वासप्रश्वाससम्बन्धी कुनै पनि संक्रमणजस्तै खोक्दा र हाच्छयुँ गर्दा नाक र मुख छोप्ने, मास्क लगाउने र नियमित हात धुनेसबैलाई सुझाउ दिएको छ

****** ० ******

**विदेश मंत्रालय-अफगान**

भारतले पाकिस्तानले अफगानी नागरिकमाथि गरेको हवाई आक्रमणको निन्दा गरेको छ। भारतीय विदेश मन्त्रालयका प्रवक्ता रणधीर जैसवालले अफगानी नागरिकमाथि भएको हवाई आक्रमणमा महिला र बालबालिकासहित कैयौँको ज्यान गएको भन्ने सञ्चारमाध्यममा आएका समाचारप्रति भारतले ध्यान दिएको बताउदै निर्दोष नागरिकमाथि हुने कुनै पनि आक्रमणको भारतले निन्दा गर्ने बताउनु भयो। यसका साथै उहाँले 'आफ्नो आन्तरिक असफलताका लागि छिमेकीलाई दोष दिने पाकिस्तानको पुरानो

बानी रहेको समेत बताउनुभयो।

****** ० ******

**नेपाल-एसएनपी-हेलीकॉप्टर प्रतिबंध**

नेपालको सगरमाथा राष्ट्रिय आरान्यले सगरमाथा क्षेत्रमा हेलिकप्टर उडानमा लगाइएको प्रतिबन्धलाई खुकुलो बनाएको छ । स्थानीय प्रशासन र वायुसेवा सञ्चालक संघ नेपालबीचको विवादका कारण सगरमाथा क्षेत्रमा सबै व्यावसायिक हेलिकप्टर सेवा बन्द गरिएको थियो । सगरमाथा आरोहणका क्रममा लुक्ला, फेरिचे, स्याङबोचे, कालापत्थर र सगरमाथा आधार शिविरपुग्न हेलिकप्टरको प्रयोग गरिन्छ ।खुम्बु क्षेत्रमा स्थानीय युवा समूहले हेलिप्याडमा झण्डा गाडेपछि तथा खुम्बु पासाङल्हामु गाउँपालिकाले पर्याप्त नियमन नभएको भन्दै हेलिकप्टर चालकदललाई चेतावनी दिएपछी तनाव बढेको थियो । यसअघि वातावरणीय चिन्ता, ध्वनि प्रदूषण र व्यवसाय सञ्चालनलाई नियमन गर्नुपर्ने भन्दै एसएनपीले जनवरी १ देखि व्यावसायिक हेलिकप्टर उडान रोक्न निर्देशन दिएको थियो ।

****** ० ******

**महिला क्रिकेट**

महिला क्रिकेटमा स्मृति मन्धानाले आयरल्यान्डविरुद्धको तीन एकदिवसीय क्रिकेट शृंखलामा भारतीय महिला टोलीको नेतृत्व गर्नेछिन् । नियमित कप्तान हरमनप्रीत कौर र तीव्र गतिकी बलर रेनुका सिंह ठाकुरलाई श्रृंखलामा आराम दिइएको छ । प्रतियोगिताको पहिलो खेल शुक्रबार, दोस्रो खेल जनवरी १२ मा र तेस्रो खेल जनवरी १५ मा राजकोटमा हुनेछ । गत महिना भारतले वेस्ट इन्डिजलाई टी–२० र एकदिवसीय सिरिजमा हराएको थियो ।

****** ० ******